**भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको ६६ औं बैठकका निर्णयहरु :**

**<u>निर्णय नं १</u>** :

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७६।०९।२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गाउँपालिकाको कार्यालय भवन निर्माणको लागि विधुतीय खरिद प्रणालीमार्फत बोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये बोलपत्र मूल्यांकन समितिको मिति २०७६ चैत्र ३ गते बैठकको सिफारिस निर्णय बमोजिम प्राविधिक प्रस्तावमा सफल श्री रोयल कन्स्ट्रक्सन धनगढी कैलालीको आर्थिक प्रस्ताव २०७६ चैत्र २१ गते खोली मूल्यांकन हुँदा मूल्यांकन समितिको २०७६ चैत्र २५ गतेको बैठकको सिफारिस निर्णय बमोजिम निज बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्तावको कवोल अंक ५३४०२३३५।२८ (मु अ क बाहेक) कार्यालयको ल ई ५०६८१६४६।३८ (मु अ क बाहेक) भन्दा रु २७२०६८८।९० ले बढी भएको हुँदा निजको आर्थिक प्रस्ताव अस्वीकृत गरी पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं २</u>** :

नेपाल राष्ट्र बैंकबाट जारी सरकारी कारोवार निर्देशिका २०७६ बमोजिम व्यवस्था भए अनुसार यस गाउँपालिकाका ग समूहका खाता  खोली कारोवार गर्नको लागि कोष तथा लेखा नियन्त्रण कार्यालय दैलेखमा सिफारिस गर्ने ।